पाँचौं गाउँ सभा बैठकमा २०७६ असार १६ गते सोमबार
उपाध्यक्ष कारग्याल्मु श्रेष्ठबाट
प्रस्तुत भई स्वीकृत भएको

# आर्थिक वर्ष २०७६/०७७ को
# बजेट, नीति तथा कार्यक्रम

गोसाईकुण्ड गाउँपालिका
स्याफ्रुबेंसी, रसुवा
२०७६

सभाध्यक्ष महोदय,
गाउँ सभाका सदस्यहरु,

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र नेपालले संघीयताको संघप्रदेश र स्थानीय तह गरी तीन तहमा , अभ्यास गर्दै आएको सन्दर्भमा गोसाईकुण्ड गाउँपालिकाको उपाध्यक्षको रुपमा यस गरिमामय गाउँ सभाको वैठकमाआगामी आर्थिक वर्ष २०७६/२०७७ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । यो महत्वपूर्ण अवसरमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तन ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण महान् शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत व्यक्तित्वहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । मुलुकको सार्वभौमिकता ,स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै समावेशी ,राष्ट्रिय एकता ,भौगोलिक अखण्डता , लोकतान्त्रिक गणतन्त्रको प्राप्ति र विभिन्न अग्रगामी ,विकास र समृद्धि ,न्यायपूर्ण समाज निर्माण ,समतामूलक म आन्दोलनहरुमा संलग्न र नेतृत्व गर्नु हुने प्रतिवद्धहान् नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

यो बजेट प्रस्तुत गरिरहँदा अर्थतन्त्रलाई गतिशिल बनाउने गहन जिम्मेवारी बोध गरेको छु । यस जिम्मेवारीमा सदैव सहयोग गर्ने सवै राजनीतिक दल,आम नागरिकको सहयोग ,संघ संस्था ,जनप्रतिनिधि , प्रतिवद्धता , दृढता र ऐक्यवद्धताले वर्तमान विद्यमान चुनौतीको सामना गर्दै अझ राम्रो व्यवस्था निर्माण गर्न सकिन्छ भन्नेमा गोसाईकुण्ड गाउँपालिकाको दृढ विश्वास छ ।

आगामी आर्थिक वर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनु पर्छ भन्नेमा गोसाईकुण्ड गाउँपालिका सचेत छ । यस अवस्थामा गोसाईकुण्ड गाउँपालिकाको जनताको जीवन रक्षा गर्नेअर्थतन्त्रको अवयवहरुलाई ,भविष्यप्रति आशावान बनाउने , जेट तरपुनरुत्थान गर्दै तीव्र विकास र निर्माणको दिशामा लैजाने गरी ब्ुमा गरिएको छ ।

त्यस्तै राज्य पुनर्संरचनाको महत्वपूर्णको पक्षको रुपमा रहेको वित्तीय संघीयता कार्यान्वयन गर्न स्थानीय तहलाई श्रोतउत्तरदायित्व र जवाफदेहिता हस्तान्तरण गरिएको सन्दर्भमा संघीयताको मूल मर्मलाई ,साधन , छ । सं हासिल गर्न थप चुनौतीको साथै थप अवसरघीयता कार्यान्वयन गर्दै स्थानीय तहको ज्ञानक्ष ,सीप ,मता र दक्षतालाई उपयोग गरी समृद्ध नेपाली ,सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्दै दिगो विकास प्राप्त गर्ने लक्ष्यतर्फ यो गाउँपालिका अग्रसर छ । सामाजिक न्याय र तीव्र विकासयी सुशासन सहितको जनउत्तरदा , गाउँपालिकासुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्र तथा समाजवाद उन्मुख समृद्ध ,सभ्य , अर्थतन्त्र निर्माण गर्न यो गाउँपालिका सदैव प्रतिवद्ध छ ।

सभाध्यक्ष महोदय,

गोसाई सुसंस्कृत र समृद्द ,जल विद्युत पर्यटन रसुवागढी नाका पूर्वाधार र शिक्षा“कुण्ड लाङटाङ हाम्रो सदिक्षा ” भन्ने गोसाईकुण्ड गाउँपालिकाको दिर्घकालिन सोचलाई पुरा गर्न यो वजेट पनि अघिल्लो बजेट जस्तै केन्द्रित छ ।

सभाध्यक्ष महोदय,

आगामी आर्थिक वर्ष २०७६७७/ को बजेटका प्रमुख उद्देश्यहरु देहाय बमोजिम उल्लेख गरेको छुः

१. स्वास्थ्य जोखिमबाट गोसाईकुण्ड गाउँपालिकाको गाउँवासीलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती र स्वास्थ्य जनशक्ती विकास
२. उत्पादन र आपुर्ति श्रृङ्खलालाई पुनर्स्थापना गर्दै कृषि, उद्योग, पर्यटन, निर्माण लगायत प्रभावित व्यवसायको पुनरुत्थान
३. गोसाईकुण्ड, लाङटाङ हिमाल, नागथली, दुधकुण्ड, ऐतिहासिक रसुवागढी जस्ता पर्यटकीय क्षेत्रको पर्वद्धन मार्फत पर्यटकीय पदमार्गको विकास गरेर गाउँपालिकालाई पर्यटकको गन्तव्य क्षेत्रको रुपमा विकास गर्ने
४. भौगोलिक रुपमा गोसाईकुण्ड गाउँपालिकाको गाउँवस्तीहरु विकट भएकोले गोसाईकुण्ड गाउँपालिकाको सडक यातायात गुरुयोजना बमोजिम सवै वडाहरुका जनताहरुको सडक सहज पहुँच वृद्धि गर्ने
५. स्थानीय कला, संस्कृति, धर्म र परम्पराको संरक्षण मार्फत स्थानीय जनताको ऐतिहासिक पहिचानका आधारहरुको संरक्षण गर्ने

सभाध्यक्ष महोदय,

आगामी आ७७/२०७६ .व. को बजेटका प्राथमिकताहरु निम्न अनुसार उल्लेख गरेको छुः

१. सडक सञ्जालको अभिवृद्धि मार्फत सडक यातायातमा जनताको पहुँच सुनिश्चित गर्ने ।
२. गुम्बा तथा विहारको निर्माण र मर्मत मार्फत स्थानीय जनताको धर्म र संस्कृतिको जगेर्ना गर्ने ।
३. शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाई जस्ता सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गरी यी क्षेत्रहरुको विकास गर्ने ।
४. सुशासन र संस्थागत विकास गर्ने ।

सभाध्यक्ष महोदय,
अव म क्षेत्रगत बजेट विनियोजनको वारेमा उल्लेख गर्न चाहान्छुः

**१. सामाजिक विकास**

सामाजिक विकास तर्फ निसर्त अनुदानको ५२ लाख ५० हजार, संघको शसर्त अनुदान तर्फ ५ करोड ६४ लाख ९२ हजार, प्रदेश शसर्त अनुदान तर्फ १ लाख ६९ हजार गरी **शिक्षा**मा जम्मा ६ करोड १९ लाख ११ हजार त्यस्तै निसर्त अनुदान तर्फ ३७ लाख ४ हजार ५ सय ४ रुपैयाँ, संघको शसर्त अनुदान तर्फ २ करोड ५९ लाख ३६ हजार र प्रदेश शसर्त अनुदान तर्फ ६ लाख ३६ हजार

गरी **स्वास्थ्य**मा जम्मा ३ करोड २ लाख ७६ हजार ५ सय ४ रुपैयाँ, त्यस्तै **खानेपानी तथा सरसफाई**मा जम्मा निशर्त तर्फ ६२ लाख ५० हजार, त्यस्तै निशर्त तर्फ रु १ करोड ३९ लाख ६६ हजार र प्रदेश शसर्त अनुदान तर्फ रु. ६० लाख गरी **भाषा तथा संस्कृति**मा जम्मा रु १ करोड ९९ लाख ६६ हजार, **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, वालवालिका तथा जेष्ठ नागरिक)** मा जम्मा निसर्त अनुदान तर्फ ३५ लाख, त्यस्तै निसर्त तर्फ १ करोड २ लाख र संघ शसर्त अनुदान तर्फ १ लाख गरी **युवा तथा खेलकुदमा** जम्मा रु १ करोड ३ लाख , त्यस्तै निसर्त तर्फ २२ लाख र प्रदेश शसर्त तर्फ ६ लाख गरी **सामाजिक सुरक्षा तथा संरक्षण**मा जम्मा रु २८ लाख गरी सामाजिक विकास तर्फ कुल बजेट रु १३ करोड ५० लाख ३ हजार५ सय ४ रुपैयाँ विनियोजन गरिएको छ।

## २. आर्थिक विकास

निसर्त अनुदान तर्फ ४२ लाख, संघको शसर्त अनुदान तर्फ १६ लाख ४५ गरी **कृषि**मा ५८ लाख ४५ हजार, त्यस्तै निसर्त तर्फ २ करोड ७६ लाख १२ हजार गरी **पर्यटन**मा जम्मा रु २ करोड ७६ लाख १२ हजार, त्यस्तै निसर्त अनुदान तर्फ ३ लाख गरी **वन**मा जम्मा रु ३ लाख, त्यस्तै निसर्त तर्फ रु ३० लाख गरी **पशुपन्छी विकास**मा जम्मा रु ३० लाख गरी आर्थिक विकासमा जम्मा रु ३ करोड ६७ लाख ५७ हजार विनियोजन गरिएको छ।

## ३. पूर्वाधार विकास

निसर्त तर्फ ४ करोड ८७ लाख २४ हजार, संघ शसर्त अनुदान तर्फ ४५ लाख र प्रदेश शसर्त अनुदान तर्फ ४० लाख गरी **यातायात पूर्वाधार**मा जम्मा रु ५ करोड ७२ लाख २४ हजार, त्यस्तै निसर्त तर्फ ३ करोड १५ लाख २५ हजार गरी **भवन, आवास तथा शहरी विकास**मा जम्मा रु ३ करोड १५ लाख २५ हजार, त्यस्तै निसर्त तर्फ ३७ लाख र संघ शसर्त अनुदान तर्फ १८ लाख गरी **उर्जा**मा ५५ लाख, त्यस्तै निसर्त तर्फ रु ४ लाख ५० हजार गरी **विज्ञान तथा प्रविधि**मा जम्मा रु ४ लाख ५० हजार गरी पूर्वाधार विकासमा रु ९ करोड ४६ लाख ९९ हजार विनियोजन गरिएको छ।

## ४. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

निसर्त तर्फ **शान्ति तथा सुव्यवस्था**मा जम्मा ५ लाख, त्यस्तै निसर्त तर्फ **कानुन तथा न्याय**मा जम्मा रु. ७ लाख, त्यस्तै निसर्त तर्फ **वित्तीय सुशासन**मा रु. २ लाख, निशर्त तर्फ **श्रम तथा रोजगारी**मा ४ लाख २२ हजार गरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा जम्मा रु. १८ लाख २२ हजार बजेट विनियोजन गरिएको छ।

५. **कार्यालय सञ्चालन तथा प्रशासनिक**

निसर्त अन्तर्गत रु ३ करोड ८१ लाख ५७ हजार ४ सय ९६ र संघ शसर्त तर्फ १२ लाख ८४ हजार **कार्यालय सञ्चालन तथा प्रशासनिक**मा जम्मा रु ३ करोड ९४ लाख ४१ हजार ४ सय ९६ रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

**अनुमानित खर्च**

सभाध्यक्ष महोदय,
आगामी आर्थिक वर्षको अनुमानित खर्च ३० करोड ७७ लाख २३ रुपैयाँ रहने अनुमानित प्रक्षेपण गरेको छु ।

खर्च वेहोर्ने श्रोतहरु
सभाध्यक्ष महोदय,

आगामी आ०७७/२०७६ .व. को व्यय व्यहोर्ने श्रोतको रुपमा संघीय सरकारबाट शसर्त अनुदानको रुपमा प्राप्त हुने रु ९ करोड २१ लाख ७९ हजार, संघ वित्तीय समानीकरण अनुदानको रुपमा प्राप्त हुने रु७५ करोड ७ . लाखराजश्व बाँडफाँड अनुदान ,बाट प्राप्त हुने रु९४ लाख ९९ करोड ५ . हजार ८ सय २ प्रदेश शसर्त , अनुदानबाट प्राप्त हुने रु५ लाख १४ करोड १ . हजारप्रदेश समानीकर ,ण अनुदानको रुपमा प्राप्त हुने ९५ लाख २१ हजारप्रदेश राजश्व बाँडफाँड अनुदान ,बाट प्राप्त हुने रु १ करोड १५ लाख ३१ हजारप्रदेश समपूरक , अनुदान ९५ लाख ६ हजार ,आन्तरिक आय १ करोड ६० लाख ८६ हजार १ सय ९८ र गत वर्षको अल्या मौज्दात २ करोड गरी कुल बजेट रकम रु ३० करोड ७७ लाख २३ हजार श्रोत कायम हुने अनुमान गरिएको छ ।

**राजश्व परिचालन नीति**

सभाध्यक्ष महोदय,
आगामी आ०७७/२०७६ .व. को राजश्व परिचालनका नीतिहरु देहाय बमोजिम हुनेछन्:

- राजश्व करले होइन रहरले तिर्ने वातावरण सिर्जना गर्ने
- कर तिर्नु पर्छ भन्ने वातावरण बनाउन स्थानीय स्तरमा कर सम्बन्धी जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने
- करको दर वृद्धि गर्ने भन्दा पनि दायरा विस्तार गर्नुमा जोड दिने
- करको आधार र क्षेत्रहरु विस्तार गर्ने
- आर्थिक साक्षरता र वित्तीय साक्षरता सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने

- गाउँपालिकाको राजश्व विषयमा परामर्श प्राप्त गर्नको लागि विज्ञको सेवा लिने
- राजश्व प्रशासनलाई आधुनिक प्रविधिमैत्री, करदातामैत्री, मितव्ययी र पारदर्शी बनाउने
- करदाता शिक्षा कार्यक्रमलाई प्रर्वद्धन गर्ने
- कर निर्धारण गर्दा समन्यायको सिद्धान्तलाई आत्मसाथ गर्ने
- कर प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्ने
- प्रत्येक वडाबाट संकलन हुने विभिन्न कर, सेवा शूल्क तथा दस्तुरको शीर्षकगत रुपमा छुट्टाछुट्टै विवरण प्राप्त गर्ने व्यवस्था गर्ने
- कर प्रशासनमा संलग्न कर्मचारीहरुका लागि कर प्रशासनमा  सुधार सम्बन्धी क्षमता विस्तारका तालिम कार्यक्रम सञ्चालन गर्ने
- कर छली, कर चुहावट तथा करको हिनामिनाको सम्बन्धमा शुन्य सहनशिलताको नीति अवलम्बन गर्ने ।

सभाध्यक्ष महोदय ,

गत आर्थिक वर्ष २०७४०७५/ को यथार्थ आय व्यय/२०७५ चालु आर्थिक वर्ष ,०७६ को आय व्ययको संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०७६०७७/ को अनुमानित आय व्यय यसै साथ संलग्न अनुसूचीहरुमा उल्लेख गरेको छु ।

यो बजेट तर्जुमाको क्रममा रचनात्मक सुझाव दिने यस गाउँपालिकाका सम्मानित अध्यक्षज्यूओटै ६ , ,वडाका सम्मानित वडा अध्यक्षज्यूहरुकार्यपालिका र सभाका सम्मानित सदस्यज्यूहरुयस गाउँपालिकाका , कार्यपालिकाका कर्मचारी साथीहरुअर्थ तथा योजना ,नागरिक समाज ,राजनीतिक दलका शीर्षनेताज्यूहरु , सल्लाह र ,महानुभावहरुको रचनात्मक सुझाव निजि क्षेत्र तथा सहकारी क्षेत्रका विद्वत वर्ग तथा ,विद् गोसाईकुण्ड गाउँपालिकाको आर् ,प्रेरणाको लागि धन्यवाद ज्ञापन गर्दछु । अन्तमाथिकसामाजिक , राष्ट्रिय अन्तर्राष्ट्रिय विकास साझेदारी ,संघ र प्रदेश सरकार ,विकासमा सहयोग पुर्याउने स्थानीय करदाता यो बजेट कार्यान्वियनमा सवै पक्षको पूर्ण सहयोगको अपेक्षा गर्दछु । ,। र प्रति आभार प्रकट गर्न चाहान्छु विकास र समृद्धिको आक ,सुशासन ,दिगो शान्तिांक्षा पुरा गर्न सवलसमृद्ध र न्यायपूर्ण राष्ट्र ,सक्षम , हार्दिक  निर्माण गर्ने अभियानमा सक्रिय सहभागि हुनको लागि सम्पूर्ण गोसाईकुण्ड गाउँपालिकावासीलाई आह्वान गर्दछु ।

# धन्यवाद !

# अनुसूची १

| आगामी आ.व. २०७६/०७७ को अनुमानित आय तर्फ रु(हजारमा) | | | | |
|---|---|---|---|---|
| राजश्व संकेत | राजश्व आधार, शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय | चालु आ.व.को संशोधित अनुमानित आय | आगामी आ.व.को अनुमानित आय |
| ११३१३ | एकीकृत सम्पत्ती कर | | | ३०० |
| ११३१४ | भुमीकर/ मालपोत | | | १००० |
| ११३२१ | घर बहाल कर | | | ३०० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | | ८००० |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | ३००० |
| १४१५९ | अन्य श्रोतबाट प्राप्त रोयल्टी | | | ५०० |
| १४२१३ | अन्त बिक्रीबाट प्राप्त रकम | | | ५० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | | | २०० |
| १४२४२ | नक्सापास दस्तुर | | | ५०० |
| १४२४३ | शिफारिस दस्तुर | | | १०८६ |
| १४२४४ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | | | ५० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | ५०० |
| १४२४९ | अन्य दस्तुर | | | २०० |
| १४५२९ | अन्य राजश्व | | | १०० |
| १४६११ | व्यवसाय कर | | | ३०० |
| | संघ समानीकरण अनुदान | | | ७७५०० |
| | संघ शसर्त अनुदान | | | ९२१७९ |

| | | | | |
|---|---|---|---|---|
| | संघ राजश्व बाँडफाँड तर्फ | | | ५९९९५ |
| | प्रदेश समानीकरण | | | ९५२१ |
| | प्रदेश शसर्त अनुदान | | | ११४०५ |
| | प्रदेश राजश्व बाँडफाँड | | | ११५३१ |
| | प्रदेश समपूरक अनुदान | | | ९५०६ |
| | नगद | | | २०००० |
| कुल जम्मा | | | | **३०७७२३** |

# अनुसूची २-

आको अनुमानित व्यय ०७८/२०७७ .व.

) तर्फ रुहजारमा(

| क्र.स. | खर्च शीर्षक | निसर्त अनुमानित व्यय | शसर्त तर्फ अनुमानित व्यय | अनुमानित जम्मा व्यय |
|---|---|---|---|---|
| १ | चालु | ५६४३५ | ८६६०४ | १४३०३९ |
| | पुँजी | १४७७०५ | १६९८० | १६४६८४ |
| | जम्मा | | | **३०७७२३** |

| क्र.स. | क्षेत्र | उपक्षेत्र | निसर्त तर्फ अनुमानित व्यय | संघको शसर्ततर्फ अनुमानित व्यय | प्रदेशको शसर्त तर्फ अनुमानित व्यत | प्रदेश विशेष अनुदान | प्रदेश समपुरक | जम्मा अनुमानित व्यय |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामाजिक विकास | शिक्षा | ५२५० | ५६४९२ | १६९ | ० | ० | ६१९११ |
| | | स्वास्थ्य | ३७०५ | २५९३६ | ६३६ | ० | ० | ३०२७७ |
| | | खानेपानी तथा सरसफाई | ६२५० | ० | ० | ० | ० | ६२५० |
| | | भाषा तथा संस्कृति तर्फ | १३९६६ | ० | ६००० | ० | ० | १९९६६ |
| | | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ३५०० | ० | ० | ० | ० | ३५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | युवा तथा खेलकुद | १०२०० | १०० | ० | ० | ० | १०३०० |
| | | सामाजिक सुरक्षण तथा संरक्षण | २२०० | ० | ६०० | ० | ० | २८०० |
| | | **जम्मा** | **४५०७१** | **८२५२८** | **७४०५** | | | **१३५००४** |
| २ | आर्थिक विकास | कृषि | ४२०० | १६४५ | ० | ० | ० | ५८४५ |
| | | पर्यटन | २७६१२ | ० | ० | ० | ० | २७६१२ |
| | | वन | ३०० | ० | ० | ० | ० | ३०० |
| | | पशुपन्छी विकास | ३००० | ० | ० | ० | ० | ३००० |
| | | जम्मा | **३५११२** | **१६४५** | **०** | **०** | **०** | **३६७५७** |
| ३ | पूर्वाधार विकास | यातायात पूर्वाधार | ४८७२४ | ४५०० | ४००० | ० | ० | ५७२२४ |
| | | भवन, आवास तथा शहरी विकास | ३१५२५ | ० | ० | ० | ० | ३१५२५ |
| | | उर्जा | ३७०० | १८०० | ० | ० | ० | ५५०० |
| | | विज्ञान तथा प्रविधि | ४५० | ० | ० | ० | ० | ४५० |
| | | जम्मा | **८४३९९** | **६३००** | **४०००** | **०** | **०** | **९४६९९** |
| ४ | सुशासन तथा अन्तरसम्ब | शान्ति तथा सुव्यवस्था | ५०० | ० | ० | ० | ० | ५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | न्धित क्षेत्र | कानुन तथा न्याय | ७०० | ० | ० | ० | ० | ७०० |
| | | वित्तीय सुशासन | २०० | ० | ० | ० | ० | २०० |
| | | श्रम तथा रोजगारी | ४२२ | ० | ० | ० | ० | ४२२ |
| | | जम्मा | १८२२ | ० | ० | ० | ० | १८२२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासन | कार्यालय सञ्चालन तथा प्रशासन | ३८१५७ | १२८४ | ० | ० | ० | ३९४४१ |
| | | जम्मा | ३८१५७ | १२८४ | ० | ० | ० | ३९४४१ |
| | | कुल जम्मा | | | | | | ३०७७२३ |